# थुलुङ दुधकोशी राजपत्र

## थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित

## खण्डः ८, संख्याः ७, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/११/१९


## भाग २

थुलुङ दुधकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु
**पर्यावरण क्लब (Eco Club) स्थापना सम्बन्धी कार्यविधि,२०८१**

*कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/११/१९*

**प्रस्तावनाः** थुलुङ दुधकोशी गाउँपालिकाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयले वातावरणीय संरक्षण, दिगो विकास र सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्यार्थीहरूको सक्रिय सहभागितामा आधारित पर्यावरण क्लब (Eco Club) स्थापना गर्ने निर्णय गरेको छ। क्लबले वातावरणीय मुद्दामा जागरण फैलाउने, हरियाली प्रवर्द्धन गर्ने, प्रदूषण नियन्त्रणका गतिविधि सञ्चालन गर्ने, तथा वातावरण शिक्षामा सहकार्य गर्नेछ। सो क्लबको स्थापनाले शिक्षालय तथा स्थानीय समुदायमा साथै विद्यार्थीहरूको निजि जिवनमा वातावरणीय संरक्षणमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा Eco Club स्थापना गरिँदैछ। थुलुङ दुधकोशी गाउँपालिकाको कार्यपालिकाको मिति २०८२/०१/१४ को बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१,
## प्रारमभिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयको पर्यावरण कल्ब (ECO CLUB) स्थापना सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि संचालन तथा व्यवस्थापन समितिबाट स्विकृत गरेको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संचालन तथा व्यवस्थापन समिति" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयको संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले थुलुङ दुधकोशी बहु- प्राविधिक शिक्षालयको पर्यावरण क्लब (ECO CLUB) स्थापना सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(ग) "प्रशिक्षक/ कर्मचारी" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(घ) "शिक्षालय" भन्नाले थुलुङ दुधकोशी बहु- प्राविधिक शिक्षालयमा सम्झनु पर्छ।

(ङ) "विधार्थी" भन्नाले थुलुङ दुधकोशी बहु- प्राविधिक शिक्षालयमा अध्यनरत विधार्थी सम्झनु पर्छ।

## परिच्छेद-२
## उद्देश्य तथा कार्यक्षेत्र

३. **उद्देश्यः** यस कार्यविधीको उद्देश्य देहायबमोजिम रहनेछः

(क) विद्यार्थीहरूमा वातावरणीय सचेतना र नेतृत्व विकास गर्नु।

(ख) शिक्षालय परिसरमा वातावरण संरक्षण र हरियाली प्रवर्द्धन गर्नु।

(ग) सरसफाइ, वृक्षरोपण, पुनः प्रयोग, जल व्यवस्थापन लगायत कार्यक्रम सञ्चालन गर्नु।

(घ) स्थानीय समुदायमा वातावरणीय जागरण अभियान सञ्चालन गर्नु।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरणीय दिवसहरू मनाउनु।

४. **कार्यक्षेत्रः** पर्यावरण क्लबको कार्यक्षेत्र शिक्षालय परिसरभित्रका साथै शिक्षालय वरपरका क्षेत्रहरूमा केन्द्रित रहनेछ। साथै, आवश्यकताअनुसार स्थानीय निकाय, सामुदायिक विद्यालय, सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै विस्तारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## परिच्छेद-३
## क्लबको संरचना र जिम्मेवारी

५. **क्लवको संरचना र जिम्मेवारीः** पर्यावरण क्लबमा शिक्षालयका इच्छुक विद्यार्थी, प्रशिक्षक तथा कर्मचारीको सहभागिता रहनेछ। क्लबमा निम्न पदाधिकारी रहनेछन् र तिनका जिम्मेवारीहरू यसप्रकार रहनेछन्:

संरक्षकः क्लबको नीति निर्देशन तथा अनुगमन गर्ने।

संयोजकः क्लबको समग्र नेतृत्व, कार्यक्रमको आयोजना र व्यवस्थापन गर्ने।

सहसंयोजकः संयोजकलाई सहयोग गर्ने।

सचिवः बैठकका कार्यवृत्त, प्रतिवेदन तयारी तथा सम्पर्क व्यवस्था गर्ने।

कार्यकारिणी सदस्यः क्लबका गतिविधिमा सक्रिय सहभागिता जनाउने।

## परिच्छेद-४
## सदस्यता नीति तथा कार्यहरू

६. **सदस्यता नीतिः** (१) क्लबमा सामेल हुन चाहने सबै सरोकारवाला, विद्यार्थीहरूलाई सदस्यता खुला रहनेछ।

(२) सदस्यहरूले वार्षिक रु. ५० सदस्यता शुल्क तिर्नुपर्नेछ, प्राप्त भएको रकम शिक्षालयको नेपाल सरकारबाट स्वीकृत प्राप्त वित्तीय संस्थाको खातामा राखी व्यवसथापन गरिनेछ।

(३) सदस्यहरूले क्लबको नियमावली पालना गर्नुपर्नेछ।

७. **क्लबका कार्यहरूः** क्लबका कार्यहरू देहायअनुसार रहनेछन्;

(क) वृक्षरोपण कार्यक्रम आयोजना गर्नु।

(ख) शिक्षालय तथा वरपर सरसफाइ अभियान सञ्चालन गर्नु।

(ग) पुनः प्रयोग र रिसाइकल परियोजना सञ्चालन गर्नु।

(घ) वातावरणीय विषयमा प्रशिक्षण, गोष्ठी, सेमिनार तथा प्रतियोगिता आयोजना गर्नु।

(ङ) स्थानीय समुदायमा वातावरणीय सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु।

(च) प्लास्टिक न्यूनीकरण र उचित फोहोर व्यवस्थापनका पहल गर्नु।

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरणीय दिवसहरू भव्यताका साथ मनाउनु।

## परिच्छेद-५
## बैठक तथा निर्णय प्रक्रिया

८. **बैठक तथा निर्णय प्रक्रियाः** (१) पर्यावरण (ECO) क्लबको बैठक हरेक दुई महिनामा एक पटक अनिवार्य रूपमा हुनेछ।

(२) आवश्यक परे आकस्मिक बैठक बोलाउन सकिनेछ। निर्णय प्रक्रियामा सर्वसम्मति वा बहुमतको आधार लिइनेछ।

## परिच्छेद-६,
## मूल्याङ्कन तथा सहकार्य

९. **मुल्यांकनः** (१) पर्यावरण (ECO) क्लबको कार्यसम्पादन संरक्षक तथा शिक्षालय प्रशासनको निगरानीमा रहनेछ।

(२) हरेक वर्ष क्लबको गतिविधि मूल्याङ्कन प्रतिवेदन तयार गरी प्राचार्य समक्ष पेश गरिनेछ।

**१०. सहकार्य र साझेदारीः** पर्यावरण (ECO) क्लबले वातावरणीय कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय, सामुदायिक संस्था, विद्यालय, सरकारका सरोकारवाला निकायहरूसँग सहकार्य गर्ने नीति अपनाउनेछ।

## परिच्छेद -६
## विविध

**११. कार्यविधिमा परिमार्जन तथा संशोधनः** क) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै समस्या देखिएमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सकिनेछ।

ख) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,
प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत